बागमती प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

# जनस्वास्थ्य कार्यालय

काभ्रेपलाञ्चोक, नेपाल

पत्र सङ्ख्याः २०८२/०८३

चलानी नम्बरः

## स्वास्थ्य सहजकर्ता सेवा करारमा भर्ना सम्बन्धको सूचनाः

प्रथम पटक सूचना प्रकाशित मितिः २०८२।१२।०६ (ने.सं. ११४६ चिल्लागा २ शुक्रबार)

सूचना नं.: HF.०२/२०८२।०८३

यस कार्यालयको चालु आ.व. २०८२।०८३ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार तपसिलमा उल्लेख गरिए बमोजिमको विभिन्न पदहरुमा स्वास्थ्य सहजकर्ता आवश्यक परेको हुँदा योग्यता पुगेका इच्छुक व्यक्तिहरुले यस कार्यालयमा आजको मितिले १५ दिन भित्र रितपूर्वक संलग्नानुसार (अनुसूची- ३) को ढाँचामा आवेदन पेश गर्नु हुन २०८२।१२।०५ गतेको निर्णयानुसार अनुरोध छ । विस्तृत जानकारीका लागि यस कार्यालयको **website: http://phokavrepalanchowk.bagamati.gov.np** र सूचना पाटी तथा प्रशासन शाखा (फो. नं.: ०११४९०९७०, मो. नं. ९८६७८०५६७६) मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तपसिलः

१. सहजकर्ताको लागि आवश्यक पर्ने पदहरुः

| क.सं. | विज्ञापन नं. | पद/तह | माग सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| १ | 2082/083:-01 | पि.सि. एल. नर्स | १ (एक) | |
| २ | 2082/083:-02 | हेल्थ असिष्टेन्ट/अ.हे.व. | १ (एक) | |
| ३ | 2082/083:-03 | ल्याब टेक्निसियन/असिष्टेन्ट | १ (एक) | |

२. स्वास्थ्य सहजकर्ताको योग्यताः

क. नेपाली नागरिक,

ख. १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको,

ग. उल्लेखित पदको लागि आवश्यक पर्ने शैक्षिक योग्यता पूरा गरी सम्बन्धित स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भएको वा अध्ययनरत विद्यार्थीहरुको हकमा भने शिक्षण संस्थाबाट On The Job Training (OJT) पत्र प्राप्त गरेको,

घ. प्रचलित कानून बमोजिम आयोग्य नठहरिएको ।

३. शैक्षिक योग्यताः

क. पि. सि. एल. नर्सः "नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५" बमोजिम ।

ख. हेल्थ असिष्टेन्ट/अ.हे.व.: "नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५" बमोजिम ।

ग. ल्याब टेक्निसियन/असिष्टेन्टः "नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५" बमोजिम ।

४. प्रोत्साहन खर्च (सेवा सुविधा) मासिक रुपमा रु. २०,०००।- (बीस हजार) ।

५. सेवा शर्तहरुः

क. "बागमती प्रदेश स्वास्थ्य सहजकर्ता परिचालन तथा व्यवस्थापन कार्यक्रम सञ्चालन निर्देशिका, २०८२" को दफा २० र अनुसूची- ४ बमोजिमका कार्यशर्तहरु ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
जनस्वास्थ्य कार्यालय
काभ्रेपलाञ्चोक, नेपाल

पत्र सङ्ख्याः २०८२/०८३
चलानी नम्बरः

ख. बागमती प्रदेश सरकार र जनस्वास्थ्य कार्यालयले तोकिएको अन्य कार्यहरु ।

६. **राजश्वः** रु. ४००।- (चार सय) [राष्ट्रिय बाणिज्य बैंक लि., धुलिखेल, शाखाको खाता नं. १००१००२०००१००००, कार्यालय कोड ३७००१२६१४३, राजश्व शिर्षक नं १४२२९, खातावालाको नामः जनस्वास्थ्य कार्यालय, काभ्रेपलाञ्चोक ।]

७. **सहजकर्ता खटिनु पर्ने स्थान/निकायः** पनौती नगरपालिका, काभ्रेपलाञ्चोक ।

८. **स्वास्थ्य सहजकर्ताको मूल्याङ्कन (परिक्षा) को प्रक्रिया र अङ्कभारः**

क. शैक्षिक योग्यता बापतः अधिकतम ४० अङ्क,

ख. स्थानीयताको आधारः अधिकतम ४० अङ्कः- [बासिन्दाको आधार लिदाँ उम्मेद्धवारले पेस गरेको नागरिकता (हालको ठेगाना परिवर्तत भएको/हुने भए सोही बमोजिम), महिलाको हकमा विवाह दर्ता प्रमाणपत्र, बसाईसराईको हकमा बसाईसराईको प्रमाणपत्रलाई मानिनेछ ।]

ग. अन्तर्वार्ताः अधिकतम २० अङ्क ।

९. **सेवा करार अवधिः** बि. सं. २०८३ असार मसान्त सम्म ।

१०. **काम गर्नु पर्ने अवधिः** हसाको ३० घण्टा ।

११. **आवेदन पेस गर्न सकिने स्थानः** जनस्वास्थ्य कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकको कार्यालय वा इ- मेल ठेगानाः phokavrepalanchowk@bagamati.gov.np मा ।इ- मेल ठेगानामा पठाइएको आवेदनको हकमा परिक्षामा उपस्थित हुदाँ सक्कलै आवेदन लगायतको कागजातहरु ल्याउनु पर्नेछ ।

१२. **आवेदन पेस गर्ने अन्तिम मितिः** २०८२।१२।२१ गते बेलुका ५:०० बजेसम्म (सार्वाजिक विदा परे भोलिपल्ट)

१३. **परिक्षाको मिति, समय र स्थानः** अर्को सूचनामा पछि उल्लेख भए मुताविक हुनेछ ।

१४. **आवेदनसाथ पेस गर्नु पर्ने आवश्यक कागजातहरुः**

क. नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिः १ थान,

ख. सम्बन्धित स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भएको (नवीकरण भएको) वा अध्ययनरत विद्यार्थीहरुको हकमा भने शिक्षण संस्थाबाट On The Job Training (OJT) पत्रको प्रमाणित प्रतिलिपिः १ थान,

ग. शैक्षिक योग्यताको प्रमाण पत्र (एस. एल. सि. सहित) हरुको प्रमाणित प्रतिलिपिः १/१ थान,

घ. राजश्व बुझाएको सक्कल भौचर ।

**नोटः** यस सूचनामा उल्लेख नभएका अन्य विषयहरु प्रचलित कानून र स्वीकृत निर्देशिका बमोजिम हुनेछ ।

संयोजक
छनौट तथा सिफारिस समिति

| |
|---|
| हालसालै खिचिएको पासपोर्ट साइजको फोटो र फोटो फारममा पर्ने गरी हस्ताक्षर |

अनुसूची- ३

(दफा १४ को उपदफा (३) सगँ सम्बन्धित)

बागमती प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

जनस्वास्थ्य कार्यालय

**दरखास्त फारमको ढाँचा**

(क) आवेदन दिइएको जनस्वास्थ्य कार्यालयः

(ख) आवेदन दिएको पदः प्रदेश स्वास्थ्य सहजकर्ता........ (नर्स, ल्याब टेक्निसियन/ असिस्टेन्ट, हेल्थ असिस्टेन्ट/अ.हे.व.)

(ग) वैयक्तिक विवरणः

| नाम (देवानगरी र अङ्ग्रेजी दुवैमा) | लिङ्ग | उमेर | जन्ममिति | नागरिकता नं |
|---|---|---|---|---|
| देवनागरीमाः | | | | |
| अङ्ग्रेजीमाः | | | | |

(घ) स्थायी ठेगानाः

| जिल्ला | न.पा/गा.पा | वार्ड | टोल | मार्ग/घर नं | फोन नं | ईमेल |
|---|---|---|---|---|---|---|
| | | | | | | |

(ङ) अस्थायी ठेगाना

| जिल्ला | न.पा/गा.पा | वार्ड | टोल | मार्ग/घर नं | फोन नं | ईमेल |
|---|---|---|---|---|---|---|
| | | | | | | |

(च) शैक्षिक योग्यता

| शैक्षिक योग्यता | विश्वविद्यालय | कलेज | संकाय | श्रेणी | प्रतिशत/ग्रेड | On the Job training (OJT) पत्र भएको नभएको |
|---|---|---|---|---|---|---|
| | | | | | | |

मा. किरण थापा मगर

मन्त्री

मैले यस आवेदनमा खुलाएका सम्पूर्ण विवरणहरू सत्य छन्। आवेदन बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन। कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु। उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस आवेदन फारामका पृष्ठहरूमा उल्लेखित सबै शर्त तथा नियमहरू पालना गर्न मन्जुर गर्दछु। साथै करारमा उल्लेखित शर्तहरू पूर्ण रूपमा पालना गर्नेछु र करारको समयभन्दा अगावै करारको अन्त्य गर्दा कम्तीमा १ महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु।

| उम्मेदवारको ल्याप्चे सहिछाप | | उम्मेदवारको दस्तखत |
|---|---|---|
| दायाँ | बायाँ | |
| | | मितिः |

| कार्यालयले भर्ने | |
|---|---|
| दर्ता नः | |
| आवेदन अस्विकृत भएको भए सो को कारण | |
| आवेदन रुजु गर्नेको नाम र दस्तखतः | आवेदन स्वीकृत वा अस्वीकृत गर्नेको दस्तखतः |

मा. किरण थापा मगर
मन्त्री

अनुसूची- ४

(दफा २० सँग सम्बन्धीत)

## स्वास्थ्य सहजकर्ताको काम, कर्तव्य र अधिकार

१. समुदायमा आधारभूत स्वास्थ्य सेवा

(क) सूर्तिजन्य पदार्थको प्रयोग र मदिराको सेवन निरुत्साहन, शारीरिक निष्क्रियता र अस्वस्थकर खानपान बारेमा व्यवहार परिवर्तन शिक्षा तथा परामर्श दिने।

(ख) उच्च जोखिम भएका व्यक्तिहरूलाई स्वास्थ्य संस्थामा प्रेषण गर्ने।

(ग) घरदैलोमा-आधारित सेवा र समुदायमा पुगेर औषधि सेवनको अनुगमन, नियमित मापन गर्ने।

(घ) स्वास्थ्य प्रवर्धन, समुदाय परिचालन एवं सचेतना जगाउने।

२. मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग **(Mental Health and Psychosocial Support - MHPSS)**

(क) प्राथमिक मानसिक स्वास्थ्य सम्बन्धी सचेतना जगाउने।

(ख) आत्महत्या रोकथामका लागि जोखिम तथा चिन्हहरू पहिचान गरि प्राथमिक सहयोग प्रदान गरी प्रेषण गर्ने।

(ग) "mhGAP" guideline अनुसार प्राथमिक सहयोग कार्यान्वयन गर्ने।

(घ) स्वास्थ्य संस्थासम्म रिफरल र फालोअप ट्र्याकिङ गर्ने।

(ङ) विपद् वा हिंसा प्रभावित समुदायमा MHPSS support (एक्लोपन, वृद्ध, अपाङ्गता भएका व्यक्तिहरूमा मनोसामाजिक प्राथमिक सहायता प्रदान गर्ने।

३. पोषण

(क) ६ महिना मुनिका शिशुहरूका लागि स्तनपान प्रवर्द्धन गर्ने।

(ख) बालबालिका पोषण स्थिति अनुगमन (MUAC / Weight-for-age) गर्ने।

(ग) किशोरीहरूमा आइरन/फोलिक एसिड उपयोग संम्बन्धी जानकारी र निगरानी गर्ने।

(घ) गर्भवती तथा सुत्केरी महिला पोषण सल्लाह दिने।

(ङ) Home gardening & locally available nutritious food consumption को प्रवर्द्धन गर्ने।

४. किशोर-किशोरी यौन तथा प्रजनन स्वास्थ्य

(क) किशोर किशोरीहरूलाई यौन तथा प्रजनन स्वास्थ्य परामर्श दिने।

मा. किरण थापा मगर

मन्त्री

2

(ख) सुरक्षित गर्भपतन, ANC/PNC सेवाको महत्त्वबारे जानकारी दिने।

(ग) लैङ्गिक विभेदमा आधारित हिंसा (Gender-based violence) को जोखिम संकेत पहिचान र सहायता दिने।

(घ) प्रजनन स्वास्थ्य सामग्री (स्यानिटरी प्याड, कन्डोम, पर्ची) वितरण सहयोग गर्ने।

(ङ) परिवार नियोजनका लागि पुरुष सहभागिता बढाउने।

५. <u>पानी, सरसफाई र स्वच्छता WASH (Water, Sanitation, and Hygiene)</u>

(क) सुरक्षित खानेपानी प्रयोगको प्रवर्द्धन गर्ने।

(ख) साबुनसहितको हातधुने अभ्यास सिकाउने।

(ग) खुला दिसापिसाब मुक्त अभ्यासमा सहयोग गर्ने।

(घ) पानीजन्य सरुवा रोगहरू (झाडापखाला, टाइफाइड) को रोकथामका लागि स्वास्थ्य शिक्षा दिने।

(ङ) विद्यालय तथा टोलस्तरीय स्वच्छता शिक्षा कार्यक्रममा सहभागी हुने/गराउने।

(च) आपद्-विपद् पछिको सरसफाइ जनचेतना अभियान संचालनमा सहयोग पुऱ्याउने।

<u>६.नमुना संकलन तथा ढुवानी</u>

(क) निगरानी प्रणालीमा रहेका रोगहरुको नमुना संकलन तथा ओसार पसार

(ख) खानेपानीको नमुना संकलन तथा ढुवानी

<u>७.जनस्वास्थ्य कार्यालयले तोकेका अन्य कार्यहरू:</u>



मा. किरण थापा मगर